म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक ९३ | मंगलबार २९ कात्तिक २०७९ | ने. सं. ११४३ कछलागा | 15 November, 2022 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**हार्दिक निमन्त्रणा**

युवा अर्थविद् डा. **स्वर्णिम वाग्ले**सँग व्यवसायीहरूको वर्तमान समस्या र यसको निवारण सम्बन्धमा विशेष अन्तरक्रिया कार्यक्रम हुने भएको हुँदा यहाँको गरिमामय उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

**कार्यक्रम**
मिति : २०७९ कार्तिक ३० गते बुधबार
समय : दिनको ५:३० बजे
स्थान : हेटौंडा-२, पल्पसा सभा सदन, मकवानपुर

**प्रार्थी**
नेपाल लोकतान्त्रिक व्यापार संघ, मकवानपुर
नेपाल उद्योग व्यापार महासंघ मकवानपुर
राष्ट्रिय व्यापार संगठन श्र मकवानपुर

## नीति बनाउने संसदको उम्मेदवारहरुको प्राथमिकतामा विकासका एजेण्डा

साझाकुरा संवाददाता

हेटौंडा, २८ कात्तिक/ संसद व्यवस्थापिका हो भने सरकार कार्यपालिका हो । संसदले ऐन, नियम, कानुन र विधेयक बनाउनुको साथै राज्यलाई सही ढंगले सरकार सञ्चालन गर्नको लागि निर्देशित पनि गर्छ ।

संघीयतामा संसदको भुमिका ऐन, नियम, कानुन, विधेयकहरु निर्माण गर्नुको साथै सरकारलाई स्वचालित गराउनु हो । तर, सोही संसदमा जानको लागि चुनावी मैदानमा रहेका उम्मेदवारहरुले चुनाव जित्नको लागि आफैलाई सर्वोपरि मानेको देखिन्छ ।

देश संघीयतामा गएपछि दोस्रोपटक प्रदेशसभाको निर्वाचन हुँदैछ । मंसिर ४ गते हुन लागेको निर्वाचनबाट मकवानपुरका ३ जना बागमती प्रदेशसभा सदस्यमा निर्वाचित हुनेछन् । प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन आउन ६ दिन मात्रै बाँकी हुँदा उम्मेदवारहरु नतिजा आफ्नो पक्षमा पार्नको लागि मतदाताहरुको घरदैलोमा पुगिरहेका छन् । स्थानीय मतदाताहरुको समस्या र आवश्यकतालाई मध्यनजर गर्दै आश्वासन दिदै उनीहरु भोट मागिरहेका छन् ।

मकवानपुरबाट बागमती प्रदेशसभा र प्रतिनिधीसभा सदस्य पदको उम्मेदवारहरुले जिल्लाको विभिन्न विकासको एजेण्डालाई प्राथमिकतामा राखेर संकल्पपत्र वा घोषणापत्र सार्वजनिक समेत गरेका छन् । उनीहरुको घोषणापत्रमा बाटोघाटो, पुल, विद्यालय भवन, अस्पताल निर्माणदेखी विमानस्थल




निर्माणसम्मका विकास निर्माणको कार्यक्रमले प्राथमिकता पाएका छन् । तर, नीति नियम बनाउने संसदमा जानको लागि चुनावी मैदानमा होमिएका उनीहरुको घोषणापत्रमा नीति नियमसम्बन्धी भने कुनैपनि कुरा उल्लेख गरिएको छैन । न त उनीहरुले कुनैपनि भाषणमा नीति नियमको कुरा गरेका छन् ।

आगामी संसदको सदस्य बन्नको लागि कसरत गरिरहेका उम्मेदवारहरुले विकास एजेण्डालाई प्राथमिकता दिइरहदा संसद कसरी अगाडि बढ्ला ? भन्ने प्रश्न चिन्ह खडा भएको छ । नीति नियम बनाएर सरकार सञ्चालनको लागि निर्देर्शित गर्ने संसदको सदस्यका उम्मेदवारहरु यतिबेला विकास निर्माणको ठुला ठुला एजेण्डालाई पुरा गर्ने वाचा गरिरहेका छन् । सरकारले पुरा पुरा गर्नुपर्ने विकासका कामहरुलाई कानुन बनाउने संसदका उम्मेदवारहरुले पुरा गर्ने ठोकुवा नै गरिरहेका छन् ।

नेपालको संसद र संसदीय चुनावको लागि यो नौलो कुरा भने होइन । यसअघिको निर्वाचनहरुमा पनि संसदका उम्मेदवारहरुले यस्तै खालको घोषणा र वाचा गर्दै चुनाव जित्दै आएका छन् । उसो त,चुनाव जितेर संसदमा गएपछि पनि उनीहरु नीति नियम बनाउन भन्दा विकासको बजेट बाँडफाडमा बढि सक्रिय हुने गरेका पनि छन् ।

सरकारले पनि हरेक आर्थिक वर्षमा बजेट ल्याउदा सांसद विकास कोषबाट सांसदहरुलाई विकासको बजेट पनि वितरण गर्दै आएको छ । संघीयता विज्ञ खिमलाल देवकोटा राज्यको स्रोत साधन न्यायोचित ढंगले परिचालन गर्ने सम्बन्धमा सांसदहरुले संसदबाट सरकारको ध्यानाकर्षण गराउन भुमिका खेल्नुपर्ने बताउँछन् । तर,अहिले सांसदका उम्मेदवारहरु वडा तहले गर्नेसम्मको बाटो निर्माणका काम समेत आफै गर्छु भनेर हिडिरहेको देवकोटाले बताए ।

'वडातहले गर्नेसम्मको योजना पनि हामि गर्छौं भन्दै कतिजना उम्मेदवार हिडिरहनु भएको छ । खासमा उहाँहरुले हामि वडालाई,स्थानीय तहलाई बलियो बनाउछौ । अधिकारहरु दिएर अधिकार सम्पन्न गराउछौ भनेर भन्नुपर्ने हो । तर,सांसद बनेपछि सिधैं पुर्वाधार विकासकोष ल्याउछु भन्दै हिडेको देखियो',उनले भने ।

देवकोटाले विकासको एजेण्डाले मतदातालाई प्रभावित गर्न सक्ने हुँदा उम्मेदवारहरुले स्थानीय आवश्यकताअनुसार विकासको एजेण्डालाई प्राथमिकता दिएको बताए ।

बागमती प्रदेशसभाले आफ्नो पहिलो पाँच वर्षे कार्यकालमा जम्मा ४५ वटा मात्रै कानुन निर्माण गर्न सक्यो । ती कानुनहरुलाई पनि संसदले ५६ पटकसम्म संशोधन गर्यो । बागमती प्रदेश सरकारले सुरुको दुई वर्षमा नै ९९ वटा कानुन निर्माण गरि सक्ने घोषणा गरेको थियो । तर, प्रदेशसभाको पाँच वर्षको कार्यकालसम्ममा त्यसको आधी पनि कानुन निर्माण हुन सकेन ।

प्रदेशसभा कानुन बनाउनको लागि भन्दा पनि सत्ता, शक्ति, बजेट र आरोप प्रयारोपमा बढि प्रयोग हुँदा कानुन निर्माण हुन नसकेको प्रदेसभाका सदस्यहरुले नै बताएका थिए । प्रदेशसभाका निवर्तमान सभामुख सानुकुमार श्रेष्ठले सांसदहरुले नीति नियम बनाउनभन्दा पनि विकासको बजेटमा हानथाप गर्दा आवश्यक कानुनहरु बन्न नसकेको बताएका थिए ।

'माननीय भनेको कानुन निर्माण गर्न आएको होकि विकास निर्माण गर्न ? विकास निर्माण गर्ने हो भने सरकार किन चाहियो ? कार्यपालिकाले गर्ने काम व्यवस्थापिकाले गर्न पाउनुपर्यो भन्दा नियमसंगत हुँदैन ।' उनले भनेका थिए । तर, उनै सभामुख श्रेष्ठ पनि अहिले विकासकै एजेण्डा लिएर पुन बागमती प्रदेशसभा सदस्यको पदको उम्मेदवार बनेका छन् ।

श्रेष्ठ यतिबेला एमालेको घोषणपत्र र आफ्नो चुनावी प्रतिवद्धतापत्र बाढ्दै घरदैलोमा व्यस्त छन् । काठमाडौंको क्षेत्र नम्वर २ बाट प्रदेशसभाका उम्मेदवार श्रेष्ठले खानेपानीको समस्यालाई आफूले मुख्य एजेण्डा बनाएको बताएका छन् ।

## लाभ पाउने अभिलाशाले चुनावमा आएको होइन: डीना

साझाकुरा संवाददाता

हेटौंडा, २८ कात्तिक/ सत्तारुढ गठबन्धनबाट मकवानपुर को क्षेत्र नम्बर १ की उम्मेदवार नेपाली कांग्रेसको केन्द्रिय सहमहामन्त्री महालक्ष्मी उपाध्याय (डीना) ले आफु कुनै लाभ पाउने अभिलाशाले चुनावमा नआएको बताएकी छन् ।

सोमबार बकैया गाउँ पालिका वडा नम्बर ९ शिखरपुरमा आयोजित चुनावीसभामा बोल्दै उनले यस्तो बताएकी हुन् । 'मैले कुनै लाभ पाउने अभिलाषाले यो चुनाबमा आएको होइन, उनले भनिन्-'देशलाइ निकास चाहिएको छ, यो क्षेत्रलाई समृद्ध बनाउनु छ र मेरो एउटै उद्देश्य नै यहाँहरुको माझमा रहेर गर्व गर्न लायकको विकास गर्ने हो ।'

डीनाले देशलाई निकास र यस क्षेत्रको विकास गर्न आएको बताइन् । उनले यस क्षेत्रमा गर्व गर्न लायकको विकास गरेरै छाड्ने दाबी गरिन् । उनले यस क्षेत्रमा शिक्षा, स्वास्थ्य, रोजगारी, कृषि , पुल-पुलेसा जस्ता जनताको दैनिकी जिवनसंग सम्बन्धित विषयलाई योजनाबद्ध ढंगले विकास गरिने बताइन् । त्यसका लागि केन्द्रदेखि प्रदेशका सरकारमा गठबन्धनको जित सुनिश्चित हुनुपर्ने र त्यो सुनिश्चितता यहाँले जनताले बनाउनुपर्नेमा जोड दिइन् ।




त्यस्तैगरि मकवानपुरको निर्वाचन क्षेत्र नम्बर १ को प्रदेशसभा (क) का उम्मेदवार प्रेम बहादुर पुलामी (छिन्तु) ले गठबन्धनको मत संरक्षण गर्न मतदातालाई आग्रह गरे । सोही चुनाबीसभालाई सम्बोधन गर्दै उनले जनताले मत संरक्षण गरिदिएमा यस क्षेत्रलाई विकास र समृद्ध बनाउने जिम्मेवारी आफ्नो रहेको बताए ।

'अघिल्लो पटक मलाई जिताउनुभयो, मैले सकेको विकास गरे छिन्तुले भने- 'यसपटक फेरी आएको छु, गठबन्धनको मत संरक्षण गरिदिनुस् बाँकी के-के गर्नुपर्ने ? कहाँ-कहाँ विकास गर्नुपर्ने त्यो सबै जिम्मेवारी मेरो हो, तपाईहरुले चिन्ता लिनुपर्दैन ।'

उम्मेदवार छिन्तुले यस क्षेत्रमा व्याप्त रहेको लालपुर्जाको समस्यालाई गठबन्धन सरकारले छिट्टै निकास दिएर सबैको हात-हातमा लालपुर्जा थमाइदिने बाचा पनि गरे । आफु अरुजस्तो चुनाब जितेर गएसी भाग्ने खालको नभएको बताउँदै उहाँले एक मिनेटको समय पाएपनि त्यो जनताकै लागि खर्चिने जिकिर गरे ।

गठबन्धनकी प्रचारप्रसार संयोजक ठुलीमाया मोक्तानको अध्यक्षतामा भएको कार्यक्रममा नेकपा माओवादी केन्द्रका केन्द्रिय सदस्य प्रल्हाद लामिछाने, माओवादी मकवानपुर जिल्ला संयोजक सर्केश घलान, माओवादी बागमती प्रदेश सदस्य जिवन गोले र लक्ष्मी पाखिन, गठबन्धनका क्षेत्र नम्बर १ प्रचारप्रसार संयोजक दामोदर खनाल, वाइसिएल नेपालका केन्द्रिय सचिव सुमन पाखिन, माओवादीका बागमती प्रदेश सदस्य लक्ष्मी माझी लगायतको सहभागिता रहेको थियो ।

यस्तै लोकतान्त्रिक बाम गठबन्धनले बकैया वडा नम्बर ९ कै च्याउच्याउ र वडा नम्बर ८ मा पनि चुनाबीसभा गरेको छ ।

## मकवानपुरगढीमा ३४ जना युवाले रोजे एमाले

साझाकुरा संवाददाता

हेटौंडा, २८ कात्तिक/ मकवानपुरगढी गाउँपालिका वडा नम्बर ६, डुम्रेकुनमा नेकपा एमाले निकट राष्ट्रिय युवा संघ गाउँ कमिटीले निर्वाचन लक्षित कार्यक्रम आयोजना गरेको छ ।

सोमबार निर्वाचन प्रचारप्रसार तथा बुथ व्यवस्थापन कार्यक्रममा युवा संघले आगामी ४ मंसिरमा हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि रणनीति तयार गरेको छ । निर्वाचनमा युवा सहभागितालाई बलियो बनाउने र एमालेका उम्मेदवार जिताउने गरी मतदातासँग युवा परिचालन गर्ने नीति लिएको युवा संघ गाउँ कमिटी अध्यक्ष उत्तम अधिकारीले बताए । अध्यक्ष अधिकारीको अध्यक्षता तथा राष्ट्रिय युवा संघ नेपालका केन्द्रीय सचिवालय सदस्य मिलन पाठकको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा पार्टी बागमती प्रदेश कमिटी सदस्य नवराज तिमल्सिना, पार्टी जिल्ला सल्लाहकार परिषद् सदस्य कृष्णबहादुर थिङ, युवा संघ बागमती प्रदेश कमिटी कोषाध्यक्ष नरेन्द्र भण्डारी, पार्टी गाउँपालिका सचिवालय सदस्य तथा ६ नम्बर वडा इन्चार्ज टिका प्रसाद दहाल, अखिल नेपाल किसान महासंघ जिल्ला अध्यक्ष विष्णु दंगाललगायतले मन्तव्य राखेका थिए ।

निर्वाचनमा एमालेका उम्मेदवारहरुको जित सुनिश्चित रहेको नेताहरुले बताएका छन् । कार्यक्रममा गठबन्धनका दलहरु नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र र नेकपा (एकीकृत समाजवादी)का युवाहरुले एमाले रोजेका छन् । गठबन्धन दलका ३४ जना युवाहरु एमालेमा प्रवेश भएको संघ गाउँपालिका अध्यक्ष अधिकारीले जानकारी दिए । उनीहरुले कांग्रेस, माओवादी र एकीकृत समाजवादी गठबन्धन बनाएर सत्तामा पुग्ने र देश लुट्ने मात्रै ध्यानमा रहेको भन्दै विकासवादी र राष्ट्रवादी पार्टी एमाले नै भएको प्रतिक्रिया दिएका थिए ।

## प्रतिबद्धता पूरा गर्न नसके फेरि भोट माग्न नआउने पराजुलीको उद्घोष



साझाकुरा संवाददाता

हेटौंडा, २८ कात्तिक/ नेपाली कांग्रेस मकवानपुरका नेता एवम् सत्तारुढ गठबन्धनको तर्फबाट मकवानपुर क्षेत्र नम्बर १ को प्रदेशसभा 'ख' का उम्मेदवार आनन्दराम पराजुलीले जनताको माझ गरेको प्रतिबद्धता पूरा गर्न नसके अर्को पटक हात जोडेर मतदाताकोमा नआउने बताएका छन् ।

चुनावी कार्यक्रम अन्तर्गत हेटौंडा-७ मा भएको घरदैलो कार्यक्रममा उनले यस्तो बताएका हुन् । पराजुलीले कांग्रेस नेतृत्वको गठबन्धनले झुटा आश्वासन, प्रलोभन र गर्नै नसकिने ठूल्ठूला भाषण मात्र नगर्ने बताए ।

'संविधान, लोकतन्त्र र मुलुक जोगाउन लागेका ५ वटा दल एकढिक्का भएर संविधान विरोधी, प्रतिगमनकारी शक्तिसंग चुनावी प्रतिस्पर्धामा छौं', उनले भने, 'हामी एमालेले जस्तो आश्वासन, प्रलोभन र झुटको नारा बाँड्दैनौं, जे सक्छौं, त्यो बोल्छौं, कार्यकालमा पूरा गरेरै छाड्छौं ।'

एमालेको नारा र आश्वासन झुटो सावित भैसकेको पराजुलीले बताए । ५ बर्षको लागि प्राप्त जनादेशको अपमान गर्ने, बोलेको कुरा पूरा नगर्ने, सधैं भ्रम र झुट बोल्ने एमालेका उम्मेदवारलाई जनताले किन भोट दिने भन्दै प्रश्न गर्नुपर्ने सुझाव दिए ।

'फेरि पनि जनता झुक्याउन सकिन्छ कि भनेर अनेक आश्वासनको पोको लिएर आएका छन् । कुनै एजेण्डा नै नभएपछि गठबन्धन फुटाउन र गठबन्धनको विरुद्ध अफवाह फैलाउन लागेका छन', पराजुलीले भने, 'गठबन्धन राष्ट्रिय आवश्यकता हो ।

गठबन्धनका नेता कार्यकर्ताहरु एकढिक्का भएर जिल्लाको ६ वटै सिटमा हाम्रा उम्मेदवार जिताउन लागेका छौं । भ्रमको पछि नलाग्नुहुन आम नेता कार्यकर्ता र जनतालाई अनुरोध गर्न चाहन्छु ।' सधैं जनताको सुखदु:खमा साथै र हँदै आएको भन्दै उनले चुनाव पछि पनि साझा भएरै काम गर्ने प्रतिबद्धता जनाए ।

जिल्लाको समस्या, अवसर र सम्भावनाको बिषयमा आफू जानकार रहेको दावी गर्दै उनले सबैलाई समेटेर जिल्लाको विकास र समृद्धिको अभियानमा लागिपर्ने बताए ।

## हेटौंडामा अझै रोकिएन बाघ आतंक, लालझाडीबासी त्रासमा

साझाकुरा संवाददाता

हेटौंडा, २८ कात्तिक/ हेटौंडामा विगत १५ दिनदेखि पाटे बाघको आतंक मच्चिएको छ । हेटौंडाको १ नम्बर वडास्थित भैरवडाँडादेखि लालझाडीसम्म बाघले आतंक मच्चाइसकेको छ ।

दुई वटा बाखा खाएपछि सुरुमा भैरवडाँडामा भेटिएको बाघ सोमबार साँझ लालझाडीमा देखिएको हेटौंडा-१ का वडाध्यक्ष सविन न्यौपानेले जानकारी दिए । उनलाई लालझाडीबाट बाघ देखिएको भन्दै स्थानीयले जानकारी गराएका थिए । उनले बाघदेखि बचेर घरमै सुरक्षित रहन आग्रह गरेका छन् ।

बाघलाई नियन्त्रणमा लिन वनका कर्मचारीहरु खटिएपनि हालसम्म बाघ समात्न नसकिएको वडाध्यक्ष न्यौपानेले बताए । बाघले यसबीचमा गाईको बाच्छोदेखि कुखुरा, बाखा खाइरहेको छ । हालसम्म बाघले मानवीय क्षति नपुऱ्याए पनि भैरवडाँडा र लालझाडीका स्थानीय त्रासमा बस्न बाध्य भएका छन् ।

मकवानपुर वन्यजन्तु बाघको उपयुक्त बासस्थान नभए पनि चितवन राष्ट्रिय निकुञ्जबाट मनहरी मध्यवर्ती वन हुँदै लालझाडी आइपुगेको अनुमान लगाइएको छ । बाघले हेटौंडा उपमहानगर पालिका र मकवानपुरगढी गाउँपालिकामा स्थानीयको पशुचौपाया माथि आतंक मच्चाइसकेको हो । पछिल्ला दुई हप्तामा बाघले एक गाईको बाच्छो र आठ बाखा



मारेको डिभिजन वन कार्यालय राप्ती, मनहरीका अधिकृत विष्णु प्रसाद आचार्यले जानकारी दिए । १३ कार्तिकमा हेटौंडा-१ भैरवडाँडामा एक-एक वटा बाखा र गाईको बाच्छा मारेको थियो । त्यसपछि २६ कार्तिकमा मकवानपुरगढी गाउँपालिका-६ मा ७ वटा बाखा/खसी मारेको जनाइएको छ । स्थानीय गोपाल विश्वकर्माको ७ वटा खशी र बाखा मारेको हो ।

हेटौंडाको भैरवडाँडा र मकवानपुरगढी-६ को दुरी करिब १० किलोमिटरमा रहेता पनि शिकारको खोजीमा भैरवडाँडामै आएको बाघ मकवानपुरगढीमा पुगेको हुन सक्ने स्थानीयहरुको अनुमान छ । बाघले एकपछि आर्के स्थानमा पशुचौपाया मार्न थालेपछि स्थानीयहरु त्रसित बनेका छन् । भैरवडाँडा बाघले बाखा मारेको खबरपछि डिभिजन वन कार्यालय, राप्तीको पहलमा राष्ट्रिय प्रकृती संरक्षण कोष चितवनले चार वटा क्यामेरा जडान गरेर बाघलाई ट्र्यापिङ गर्न खोजेको थियो । तर, क्यामेरा राखेको क्षेत्रबाट बाघले बासस्थान सारेको जनाइएको छ । क्यामेराले बाघसँगै चितुवाको ट्र्यापिङ गरेको डिभिजन वन कार्यालय राप्तीका सहायक अधिकृत तामाङले जानकारी दिए । उनका अनुसार क्यामेरामा बाघ र एउटा चितुवा देखिएको छ ।

**सम्पूर्ण ब्राण्डका गाडी**

**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

**सेवाहरू:**
- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# मल अभावमा किसान, दीर्घकालीन समाधान खोज्नुपर्छ

जबजब नयाँ खेतीबाली लगाउने बेला आउँछ, नेपालमा मल अभाव भएको खबर छ्यापछ्याप्ती फैलिन्छ । जब मकै बालीमा मल हाल्ने बेला हुन्छ, तब युरिया मलको अभाव हुन्छ । जब आलु खेती लगाउने बेला हुन्छ, तब त्यसलाई आवश्यक पर्ने डीएपी मलको अभाव हुन्छ । जुनबेला किसानको लागि जुन मल आवश्यक हुन्छ, त्यतिबेला त्यहि मलको अभाव हुने रोग नेपालको लागि नौलो भने होइन । तर, यसको दीर्घकालीन समाधान नै नभएको हो त ? यतिखेर आम किसानमा यो प्रश्नले घर गरेको छ ।

नेपालमा भारतबाट आउने अनुदानको मल साल्ट ट्रेडिङ कर्पोरेशन र कृषि सामग्री संस्थानबाट भित्रिने गरेको छ । आवश्यक परेको बेला जहिले पनि अभाव हुने भएपछि मकवानपुर जिल्लामा पालिकास्तरमा वडा तहमा डिलरको व्यवस्था गरेर कोटा निर्धारण गरेर वितरण व्यवस्था मिलाइएको भएपनि पुनः समस्या बल्झिएको पाइएको छ । नेपालको खेतियोग्य जग्गालाई आवश्यक मल सरकारले भारतबाट भित्र्याइरहेको छ तर, नेपाल भित्रिएपछि त्यो अभावमा परिणत हुने गरेको छ । मकवापनुरको वडा तहमा वितरणका लागि खडा गरिएका डिलरमा नपाइने तर, बढी मूल्य तिरेर बजारका पसलहरुमा लुकाएर बेच्ने गरेको पाइनुले वितरण प्रणालीमा कमिकमजोरी पाइएको छ । यसको प्रभावकारी अनुगमन संयन्त्र बनाउनु जरुरी छ ।

यतिखेर निर्वाचनको माहौल छ । नेताहरु भोट माग्न व्यस्त छन् । स्थानीय सरकारका प्रतिनिधिहरुलाई चुनाव लागेको छ । किसानलाई आलु रोप्ने चटारो छ । तर, डीएपी मलको अभाव भएको खबर बाहिरिएको छ । यसको तत्काल समाधान खोज्नु जरुरी छ । यसको लागि साल्ट ट्रेडिङ कर्पोरेशन र कृषि सामग्री संस्थाको हेटौंडा कार्यालयले मकवानपुरमा आवश्यक मल माग गर्ने र आएको मललाई जिल्लाको सबै डिलरहरुमा तत्काल पठाउनु जरुरी छ । अन्न रोप्ने बेला मल नपाएपछि उत्पादन घट्ने र महंगी बढ्नेसम्मको समस्या उत्पन्न हुने हुँदा यसको तत्कालीन समस्या समाधानमा सम्बन्धित निकाय लाग्नु पर्दछ । यसको साथसाथै मल अभावको दीर्घकालीन समाधान खोज्न स्थानीय, प्रदेश र संघीय सरकार एकजुट भएर लाग्नुपर्ने अवस्था आएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

**मकवानपुर प्रहरी**

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

**एम्बुलेन्स सेवा**

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ कात्तिक ३० गते बुधबार १६ नोभेम्बर २०२२ । मंसिर कृष्णपक्ष अष्टमी। कछलागा ११४३ ने.सं. । सूर्योदय ६:२६, सूर्यास्त ५:९ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : अधुरो काम बन्ने सम्भावना छ | **तुला** | : काम बन्नाले उत्साह जाग्नेछ |
| **वृष** | : मित्रहरुबाट सहयोग हुनेछ | **वृश्चिक** | : दोहोरो लाभ मिल्नेछ |
| **मिथुन** | : आफन्तबाट विरोध हुनेछ | **धनु** | : श्रमबाट प्रशस्त लाभ हुनेछ |
| **कर्कट** | : पेसाबाट घाटा देखिन्छ | **मकर** | : पारिवारिक समस्या आउनसक्छ |
| **सिंह** | : कामको उचित प्रतिफल पाइनेछ | **कुम्भ** | : प्रेमप्रसंग सुमधुर आदर पाइनेछ |
| **कन्या** | : धन आर्जन हुनेछ | **मीन** | : अधुरा योजना पूरा हुने देखिन्छ |

# 'सार्वजनिक यातायात प्रणालीको समस्या राज्यले निम्त्याएको हो'



✍सरोज सिटौला

यातायात क्षेत्रको सुधार नभई देशको अवस्था बदलिँदैन । हाम्रो यातायात प्रणालीमा सार्वजनिक यातायातले कहिल्यै महत्व पाएन । अहिलेसम्म निजी क्षेत्रले नै जोखिम मोलेर सार्वजनिक यातायात क्षेत्रलाई यो अवस्थामा ल्याएको हो । यसमा सरकारले निर्वाह गर्नुपर्ने न्यूनतम भूमिका पनि पूरा नगरेको महसुस हामीलाई हुन्छ ।

एक त दल र सरकार सार्वजनिक यातायातको व्यवस्थापन गर्नुपर्छ भन्ने कुरालाई प्राथमिकता नै दिँदैनन् । अर्कोतर्फ भोट तान्न विगतमा गरिएका चुनावी वाचा पूरा भएका छैनन् । यसपालिको चुनावमा जनाएका केही प्रतिबद्धता कार्यान्वयन हुनेमा हामी सशंकित छौं ।

सार्वजनिक यातायात क्षेत्रको सुधार निजी क्षेत्र र लगानीकर्ताले मात्रै चाहेर हुँदैन । नीतिगत र विधिसंगत ढंगले सरकारले ल्याएका योजनामा यो क्षेत्रको सुधारको मार्गचित्र बन्नुपर्छ ।

तर, यहाँ समस्याका चाङ छन् । हामी व्यवसायीलाई परेको समस्यालाई सम्बोधन नगरिंदा यात्रुले समेत सास्ती भोग्नुपरेको हो । सार्वजनिक यातायातको समस्यालाई व्यवसायीको समस्याका रूपमा मात्रै हेर्ने सरकारी र दलीय दृष्टिकोण सबैभन्दा ठूलो समस्या हो । सार्वजनिक यातायातको क्षेत्रमा देखिएका अनेकन् समस्याको मूल जिम्मेवार मुलुकका राजनीतिक दल र सरकारहरू हुन् । तथ्य हेर्नुपर्छ, यो क्षेत्रमा करिब ६० प्रतिशत स्वरोजगार मजदुर छन् । उनीहरू आफ्नो सवारी आफैं चलाउँछन्, त्यसबाट आएको पैसाले घर व्यवहार धान्छन् । सबैलाई थाहा, कोरोनाका कारण सबैभन्दा बढी प्रभावित क्षेत्र पर्यटन र यातायात हो । प्रभावित क्षेत्रको पुनर्स्थापनाका लागि सरकारले केही योजना ल्याएन ।

हामीले बैंक ब्याजमा सहुलियत चाहिन्छ भनेको धेरै भयो । यसबीचमा बजेट पनि आयो, मौद्रिक नीति आयो । तर, हाम्रा लागि केही आएन । अहिले बैंकहरूले ब्याज बढाएको बढायै छन् । ९ प्रतिशतबाट १८ प्रतिशत पुऱ्याइसकियो ।

हाम्रो अनुमानमा सार्वजनिक यातायात क्षेत्रमा करिब १० खर्ब लगानी छ । यसमा अधिकांश बैंकको ऋण छ । अहिले यातायात व्यवसायी र स्वरोजगार मजदुरहरू बैंकको किस्ता र ब्याज कसरी तिर्ने भन्ने चिन्तामा छन् । अब चुनावलगत्तै हामी सडक आन्दोलनमा आउने अवस्था बनाइसकिएको छ ।

यी त व्यवसायीले भोगेका कुरा भए । सरकारले दुर्घटना र त्यसको बीमा सम्बन्धमा स्पष्ट नीति-नियम बनाएको छैन । शहरमा ८ लेनका सडक बन्दैछन्, त्यहाँ समेत सार्वजनिक यातायातलाई डेडिकेटेड लेन दिन कोही तयार छैनन् । निजी सवारीको भीड लगाएर राखिएको सडकमा सार्वजनिक सवारी चलिरहेका छन् ।

अनि यात्रु समयमै गन्तव्यमा कसरी पुग्ने ? त्यही कारण निजी सवारीको आयात, बिक्री र प्रयोग बढेको छ । सरकारलाई त राजस्व आएको छ, त्यसमै रमाएको छ । तर, त्यसले आम मान्छेको जनजीवनलाई कति प्रभावित गरेको छ भन्ने लेखाजोखा छैन ।

हुन त सिंगापुरको बस देखाएर हामीमाथि प्रश्न गर्नेहरू पनि छन्, तर हाम्रो देशका सरकारहरू सिंगापुरको जस्तो जिम्मेवार छन् ? हाम्रा नेता र कर्मचारी सिंगापुरका जस्ता उत्तरदायी छन् ? हामी सिंगापुरकै जस्तो सेवा दिन तयार नभएका हैनौं, तर लगानीको वातावरण त्यसरी तयार गरिएको छ ? हाम्रा यात्रुले त्यसलाई 'अफोर्ड' गर्नसक्ने बनाउन सरकारले योगदान गर्छु भनेको कतै सुनिएको छ ?

हो, सरकारसँग हामी मिलेर थुप्रै काम गर्न सक्छौं । हामी पनि भन्छौं, रुट छुट्याएर ठूला-साना बस चलाऔं, सकेसम्म बिजुली बस चलाऔं । तर, त्यसका लागि सरकार तयार छ ? स्तरीय, विश्वसनीय र पर्याप्त पूर्वाधार तयार छन् ?

हामीलाई भएकै सवारी साधनबाट स्तरीय सेवा दिन्छु भन्दा अनेकन् सास्ती छन् । कतै पनि स्तरीय बसपार्क छैनन्, अहिलेसम्म ट्रकको विशेष पार्किङको सुविधा नै छैन । हाम्रा बस/ट्रकहरू कति ग्यारेजमा त कति खुला चौर र बाटोघाटोमा राख्नुपरेको छ । सार्वजनिक यातायातका लागि दक्ष ड्राइभर उत्पादन गर्ने एउटा प्राविधिक शिक्षालयसम्म छैन ।

समस्याकै बीचमा पनि यातायात व्यवसायीले बुझेका छन् कि बहुसंख्यक नेपाली 'भुइँमान्छे' हुन् । उनीहरूसँग निजी गाडी छैन । उनीहरूलाई सार्वजनिक सवारी चढ्नुको विकल्प छैन । सार्वजनिक गाडी भनेको गिट्टी कुट्ने, मकै पोलेर बेच्ने, जुत्ता पालिस गर्ने, चटपटे बेच्ने, सानोतिनो जागिर र व्यापार गर्नेहरूको 'मोबिलिटी' साधन हो । उनीहरूलाई सम्झिएर सरकार र दलहरूले नीति र योजनाहरू बनाउनुपर्छ ।

यातायातका सम्बन्धमा तीन तहका सरकारका सयथरी योजना छन् । प्रदेश सरकारहरू त सार्वजनिक सवारीको मुद्दा नै बुझ्न सक्षम छैनन् । अनि यही खालको यातायात प्रणाली कायम राखेर बहुसंख्यक नागरिकको जनजीवन सहज होला त ?

हामीले भन्दै आएका छौं, सार्वजनिक सवारी अर्थतन्त्रको रक्तसञ्चार प्रणाली हो ।

> *सार्वजनिक सवारी अर्थतन्त्रको रक्तसञ्चार प्रणाली हो । यसलाई अस्तव्यस्त छोडियो भने अन्य क्षेत्रमा पनि नकारात्मक प्रभाव देखिन्छन् । कति त अहिले नै देखिएका छन्, कति दीर्घकालमा देखिनेछन् ।*

यसलाई सरल गरिएन भने अर्थतन्त्र पनि सप्रिँदैन । यसलाई लामो समय अस्तव्यस्त छोडियो भने देशको अन्य क्षेत्रमा पनि नकारात्मक प्रभाव देखिन्छन् । कति प्रभाव अहिले नै देखिएका छन्, कति दीर्घकालमा देखिनेछन् ।

सार्वजनिक सवारीलाई सुरक्षित, मर्यादित बनाए सरकारको भूमिकाको प्रशंसा हुन्छ, नत्र हुँदा खाने वर्गले देशमा सरकार नै नभएको महसुस गर्ने अवस्था आउँछ । सुधारका अनेक उपाय र अन्तर्राष्ट्रिय अभ्यास छन् । त्यसमा राजनीतिक दल र सरकारले विचार गर्नुपर्छ ।

सार्वजनिक यातायात क्षेत्रसम्बद्ध दीर्घकालीन निर्णयहरू अध्ययन र छलफलबाट निष्कर्ष निकालेरै गर्नुपर्छ । सरकारका नीति र नियम न्यायपूर्ण, वैज्ञानिक र प्रभावकारी पनि हुनुपर्छ, जसले भविष्यमा निजी सवारी चढ्नेहरूलाई पनि सार्वजनिक सवारीमा फर्काउने भूमिका खेलोस् ।

(नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका वरिष्ठ उपाध्यक्ष सिटौलासँग अनलाइनखबरकर्मी रवीन्द्र घिमिरेले गरेको कुराकानीमा आधारित ।)

*साभार: अनलाइनखबरबाट*

# प्रचण्डलाई दिलबहादुर रम्तेलको गाउँबाट एक गोरखाली मतदाताको चिठी



निशान निष्कर्ष

***श्रद्धेय अध्यक्ष कमरेड प्रचण्ड,***

तपाईंलाई प्रथमतः आगामी संघीय चुनावमा जितको शुभकामना ।

म तपाईंको अहिलेको चुनावी क्षेत्र, गोरखा क्षेत्र नं. २ को बासिन्दा । त्यति मात्र होइन, म तपाईंको पार्टी नेपाल कम्युनिस्ट पार्टी माओवादी केन्द्र (त्यतिबेला नेपाल कम्युनिस्ट पार्टी माओवादी) ले पहिलो सहिद जन्माएको जराङको माटोको बासिन्दा हुँ ।

जहाँ हरेक चुनावमा हामीलाई दिलबहादुर रम्लेतको रगतले पोल्छ र गाउँको विकास हेर्दा आँखाभरि उनै दिलबहादुर र हिजो तपाईंहरूले बाँड्नुभएको सपनाको याद आउँछ । हाम्रो गाउँमात्र होइन, हाल तपाईंले आफ्नो उम्मेदवारी दिनुभएको गोरखा क्षेत्र नं. २ धेरै सहिदहरू जन्माएको ठाउँ हो । तपाईंलाई यस विषयमा मैले जानकारी गराउन सम्भवतः आवश्यक छैन तर पनि मन नमान्दोरहेछ । मेरै माटोले पनि दिलबहादुर रम्तेल (जो पहिलो सहिद), गुणनिधि देवकोटा र कौशला गुरुङजस्ता वीर सहिदहरू जन्माएको छ । उहाँहरूको आत्मा आज पनि त्यही माटोमा तड्पिरहेको भान हुन्छ, जबजब यहाँको विकास र हामीले भोग्दै गरेको जीवनशैली हेर्छौं ।

तपाईंले नेतृत्व गर्नुभएको जनयुद्ध र २०६२/६३ जनआन्दोलनबाट देशमा धेरै परिवर्तन भयो । सीमान्तकृत आवाजहरू राज्यको केन्द्रसम्म आउने आधारहरू बने र अहिले ती आवाजहरूले न्याय पाए पनि नपाए पनि उठ्न त पाएका छन् । राजतन्त्र फालिएर आज जनताकै सन्तान राष्ट्रपति र उपराष्ट्रपति हुन पाएका छन् (राज्य संयन्त्रको सम्पतिको भोग कसले कति गरे ? भन्ने सन्दर्भमा कुनै दिन बहस गरौंला) । सबैले आफ्नो स्वतन्त्रताको सदुपयोग गर्न पाएका छन् ।

हामी पनि त्यसका लागि खुसी छौं । तपाईं र माओवादी पार्टीको यस किसिमको योगदानलाई समाजले जुन तरिकाले हेरे पनि मेरो बुझाइमा परिवर्तनको जग जनयुद्ध हो । यसका लागि धेरै योद्धाहरूले आफ्नो वलिदानी दिए । ती वलिदानी दिनेहरूमा बौद्धिक वर्गमा गोरखा सम्भवतः सबैभन्दा अगाडि आउला । सुरेश वाग्ले (वासु), प्रेम ढकाल, आशाकाजी श्रेष्ठ, कमला भट्ट, विमला भट्ट, नन्दलाल श्रेष्ठ, कौशिला गुरुङ, गुणनिधि देवकोटा, भीमसेन पोखरेल (अझ अरु केही नाम छुटेका छन्) आदि व्यक्तित्व (जसलाई तपाईंको पार्टीले सहिद भनेको छ ।)

हालको गोरखा क्षेत्र नं. २ ले नै जन्माएको हो भन्ने कुरा चाहिँ कमरेड तपाईंलाई यस पटकको चुनावी माहोलले पक्कै सम्झाएको होला । (यहाँ चुनावी क्षेत्र नं. १ बाट सहिद हुनुभएकाहरूको नाम अझ उल्लेख भएको छैन ।) यतिबेला तपाईं आफै भन्दै हिँड्नुहुन्छ कि म एकै स्थानमा जमेर बस्ने मान्छे होइन त्यसैले यसपालि गोरखा आएको हुँ । के तपाईं गोरखा आउनुको कारण एकै ठाउँमा नजम्नुमात्र हो कि यी सहिदहरूको सपना पूरा गर्न पनि हो ? यस प्रकारको प्रश्न हामी सबैको मनमा उब्जिएको छ ।

अध्यक्षज्यू, तपाईंले चुनाव लड्दै गर्दा तपाईंले पनि सुन्नुभएकै होला तपाईं र बाबुराम भट्टराईमाथिका केही प्रतिक्रियाहरू । एकाथरिको प्रतिक्रिया छ, प्रचण्ड चितवनमा आफूलाई सुरक्षित नदेखेर गोरखा सुरक्षित स्थान खोज्न गएका हुन् । अर्काथरिको प्रतिक्रिया चाहिँ बाबुरामले आफ्नो छोरीलाई काठमाडौं ७ बाट चुनावमा उम्मेदवार बनाउन प्रचण्डलाई गोरखा छोडेका हुन् । यिनीहरू नातावाद र कृपावादले चलेका मानिस हुन् । जनताको सुरक्षा र स्वार्थ हेर्नभन्दा आफ्नो सुरक्षा र स्वार्थ हेर्न यिनीहरू अग्रसर छन् । सरसर्ती हालको राजनीतिक वृत्तमा हेर्ने हो भने पनि तपाईंहरूमा यो प्रवृत्ति कहीं न कहीं देखिएको नै छ । हुन त तपाईंहरू यस कुरालाई फदयबाट स्वीकार गर्नुहुन्न वा फदयबाट स्वीकार गरेर पनि जनतामा सकेसम्म भ्रम छर्नुपर्छ र आफूहरू माथि पुग्नुपर्छ भन्ने मानसिकताले ग्रसित हुनुहुन्छ, त्यो तपाईंहरूको जिम्मा ।

तपाईंले नै आफ्नो उम्मेदवारी दिएपछि भन्नुभएको छ कि, गोरखा मैले अध्यापन गराएको जिल्ला हो । हो, म राम्ररी जान्दछु तपाईंले भीमोदय मा वि मा पढाउँदै गर्नुहुँदा विद्यालयमा शैक्षिक परिवर्तन र आरुटारमा राजनीतिक परिवर्तन गर्नुभएको कुरा । अर्को के कुरा पनि भन्नुभएको छ भने, युद्धकालमा राजनीतिको मुख्य थलो कुनै न कुनै रुपले गोरखालाई बनाएको हो । यस कुरामा पनि म सहमत छु । गोरखा माओवादी युद्धका लागि रोल्पा रुकुम जत्तिकै शक्तिशाली र क्रियाशील जिल्ला हो ।

आज पनि कहीं माओवादी छ भने गोरखामा छ भन्ने कुरा त स्थानीय निर्वाचनले प्रस्टसँग देखाएको छ । ११ पालिकामा ९ पालिका जितेको र जम्मा मत परिणाम हेर्दा पनि गोरखामा माओवादी नै अगाडि रहेको हो । त्यसैले त सबैको अड्कल कहाँ गएर अड्कियो भने प्रचण्डले चितवनभन्दा गोरखा सुरक्षित देखे र गोरखा गएका हुन् । तपाईंलाई यो चुनावको पहिलो चुनौती नै यही भ्रम चिर्नु हो र गोरखालाई विकासको बाटोमा डोऱ्याउनु हो ।

तपाईं एक क्षेत्रलाई मात्र नभई पूरै देशलाई सम्हाल्न हिँड्नुभएको एक योद्धा, एक कमान्डर र एक नेता । तपाईंसँग धेरैको अपेक्षा होला तर यति चाहिँ के हो भने कुनै पनि नेताले आफूले चुनाव जितेको स्थानको विकास गर्न सकेमा देश आफैं विकासको गतिमा लम्कन्छ र देशले मुहार फेर्छ । मैले बुझ्ने भएपछि नै गोरखामा धेरै नेताहरू जन्मिए । पृथ्वीनारायण शाह, भीमसेन थापा, लखन थापा, जङगबहादुर कुँवर (राणा) को पुस्ता, राजेश्वर देवकोटा, कृष्णप्रसाद भट्टराईलगायतका राजनीतिक व्यक्तित्वहरू जन्मिएको माटो हो गोरखा ।

धेरै राजनीतिक उथलपुथलको आधार गोरखाले जन्माएको नेताहरू भएका छन् । तर पनि गोरखा किन राज्यको प्राथमिकतामा पर्दैन ? आम गोरखालीको आवाज हो यो । भन्दै आएको आधुनिक नेपालको इतिहास नै गोरखाको बाटोबाट, अझ भन्ने हो भने तपाईंले नै उम्मेदवारी दिनुभएको क्षेत्र नं. २ को लिगलिगकोटबाट भएको कुरा सानो कक्षामा पढ्ने भाइबहिनीहरूलाई पनि थाहा छ भने तपाईंजत्तिको मानिसलाई थाहा नहुने भन्ने कुरा नै भएन ।

त्यही माटोमा उभिएर चुनावको प्रचार गर्दै गर्दा तपाईंलाई गोरखाको विकास त्यति नै भए पुग्छ जस्तो लाग्छ होला र ? तपाईंको चुनावी क्षेत्रको दुर्गम स्थानमा पनि पुग्नुहोस् र एकपटक विछ्डिएको गोरखाको पीडालाई छाम्नुहोस् । तपाईंलाई कतै दुख्छ कि दुख्दैन आफैं महसुस गर्नुहोला ।

गोरखाको माटोले धेरै अपेक्षा गरेको छैन । कम्तीमा गोरखामा रहेको अस्पतालको अवस्था हेर्नुहोला र त्यहाँ गोरखाको लेकबाट आउनुपर्ने बिरामीले पाउने उपचार र सुविधा हेर्नुहोला । चुम नुब्री गाउँपालिका आज पनि सदरमुकामसँग जोडिन सकेको छैन । बाटोमा सानो पहिरो गयो भने आज पनि गाउँमा कुनै पनि प्रकारको सम्पर्क हुन सक्दैन । तारेभीरहरू छिचोलेर जानुपर्ने गाउँहरू छन् । तपाईं गोरखा २ बाट चुनावमा उम्मेदवार बन्नुहुँदै गर्दा समग्र गोरखाको प्रतिनिधि हो भन्ने बुझाइ आम मानिसमा रहन्छ । के तपाईं यसैको अग्नि परीक्षा दिन तयार हुनुहुन्छ ? होइन भने तपाईंको उम्मेदवारीप्रति आम गोरखालीले खेद व्यक्त गर्ने दिन आउनेछ ।

खोज्दै जाने हो भने तपाईंमाथि धेरै सवालहरू रहन्छन् । अरु त अरु, तपाईंले चुनावका लागि तयार पार्नुभएको प्रतिबद्धतापत्रमा आफ्नो निर्वाचन क्षेत्रमा आफूले जिते गर्ने कार्यहरूको सूचीमा कहाँनिर समेट्नुभयो दिलबहादुरको गाउँ र कहाँनिर न्याय दिन्छु भन्नुभयो ?

> *अरु त अरु, तपाईंले चुनावका लागि तयार पार्नुभएको प्रतिबद्धतापत्रमा आफ्नो निर्वाचन क्षेत्रमा आफूले जिते गर्ने कार्यहरूको सूचीमा कहाँनिर समेट्नुभयो दिलबहादुरको गाउँ र कहाँनिर न्याय दिन्छु भन्नुभयो ? यति धेरै चुनावीसभा गर्दा १० मिनेट पार्कमा टेक्नुभन्दा फेरि फर्केर किन जानुसक्नुभएन दिलबहादुरले रगत बगाएको माटोलाई छुन र त्यसलाई मुट्ठीमा उठाएर हामीजस्ता जनताहरूको अगाडि आफूले गर्ने कामको विश्वास दिलाउन ?*

यति धेरै चुनावीसभा गर्दा १० मिनेट पार्कमा टेक्नुभन्दा फेरि फर्केर किन जानुसक्नुभएन दिलबहादुरले रगत बगाएको माटोलाई छुन र त्यसलाई मुट्ठीमा उठाएर हामीजस्ता जनताहरूको अगाडि आफूले गर्ने कामको विश्वास दिलाउन ? के आधार छ तपाईंलाई जराङबासी (दिलबहादुर को माटो) ले मत दिएर जिताउन ? दिलबहादुर रम्तेलको गाउँको बासिन्दाको नाताले यतिचाहिँ प्रश्न हो तपाईंसँग ।

के तपाईं दिलबहादुरलाई सहिद बनाएको माटोको टीका लगाएर भन्न सक्नुहुन्छ, म गोरखालाई नमुना जिल्लाको रुपमा विकास गर्छु, त्यसमाथि दिलबहादुर जन्मिएको माटोलाई मूल्यवान बनाउँछु । यहाँका जनताहरू आज पनि प्राथमिक उपचारका लागि पनि दुई तीन घण्टा धाएर जानुपर्ने बाध्यता छ ।

यसको मनन तपाईंबाट हुन सक्छ र ? यहाँका जनताहरू आज पनि आफूले उत्पादन गरेको कृषि सामग्रीहरू कि त गाउँमा नै बाँडेर सक्छन् कि त कुहाएर फाल्न बाध्य छन् । के तपाईं यसको व्यवस्थापन गर्न सक्नुहुन्छ ? यही माटो हो, जहाँबाट आज धेरै मानिसहरू गाउँ छाडेर कि सहर पसेका छन् कि विदेशिएका छन् ।

यहाँका जनतालाई गाउँ फर्कने अभियानमा तपाईंको सहभागिता रहन्छ ? कि हामीले फेरि अहिले धेरै मानिसहरूले अड्कलबाजी गरेजस्तै प्रचण्ड चितवनबाट हार्ने डरले गोरखामा सुरक्षित स्थान खोज्दै आएका रहेछन् भन्ने दिन आउने हो ?

दिलबहादुर रम्तेलको गाउँबाट
निशान निष्कर्ष
बारपाक सुलिकोट ८, गोरखा ।

*(साभार :इकागज)*

# प्रदीप खड्काले भारतमा जिते डेब्यु अभिनेताको फिल्म अवार्ड

काठमाडौं/ अभिनेता प्रदीप खड्काले भारतको आग्रामा आइतबार बेलुका सम्पन्न ग्लोबल ताज अन्तर्राष्ट्रिय फिल्म फेस्टिभलमा डेब्यु अभिनेताको अवार्ड जितेका छन् ।

फेस्टिभलमा उनले 'प्रेमगीत ३'को हिन्दी संस्करणतर्फको फिचर फिल्मतर्फ डेब्यु अभिनेताको अवार्ड जितेका हुन् । उत्कृष्ट फिल्म चाहिं ब्रिजेन्दर काला स्टारर हिन्दी फिल्म 'मास्क' बन्यो ।




अवार्डकै लागि प्रदीप र प्रेमगीत ३ का निर्माताहरु यतिबेला भारतको पर्यटकीय सहर आग्रामा छन् । फेस्टिभलमा प्रदीपले अवार्ड जित्दाको क्षणका भिडियो र तस्वीरहरु सार्वजनिक भएका छन् । एक तस्वीरमा प्रदीप र पार्श्व गायक तरुण सागर सँगै देखिएका छन् ।

स्रोतका अनुसार मुम्बईको एक प्रोजेक्टका लागि प्रदीप यतिबेला भारतमा छन् । तर उक्त फिल्म गर्नेबारे आधिकारिक पुष्टि भइसकेको छैन । प्रेमगीत ३ ले नेपाल, भारतसहित विश्वभर उछाल कमाइ गरेको थियो ।

# सकियो सञ्चिता अभिनीत फिल्म 'गुलाबी' को छायांकन

काठमाडौं /कास्कीको धम्पुसबाट छायांकन थालेको फिल्म 'गुलाबी'को 'इण्ड क्ल्याप' काठमाडौंमा भएको छ । ठमेलमा अन्तिम दृश्य खिचिएसँगै फिल्मको ३२ दिने छायांकन तालिका पनि सकिएको छ । निर्देशक समुन्द्र भट्टले एउटा गीतलाई भने चुनावपछि खिचिने बताइन् ।



पारालैंगिक कथावस्तुको फिल्ममा नाजिर हुसेनको प्रमुख भूमिका छ । सञ्चिता लुइँटेल, सुशील सिटौला, राजा घोष, विशाल पहारी, अनुपम श्रेष्ठ 'हटी नटी' र शिशिर राणा पनि मुख्य भूमिकामा छन् । पटकथा तथा संवाद लेखनमा रामकुमार श्रेष्ठ र अभिनेता हुसेनले सहकार्य गरेका छन् । दी स्काई ओसन इन्टरटेनमेन्ट ब्यानरमा निर्माण भएको 'गुलाबी'मा आलोक शुक्लाको छायांकन छ । फिल्म फागुनमा रिलिज गर्ने निर्देशक भट्टले बताइन् ।

# बुद्ध एयरले पोखरा विमानस्थलबाट बनारसमा सिधा उडान गर्ने

काठमाडौं/बुद्ध एयरले निर्माणको अन्तिम चरणमा रहेको पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट बनारस सिधा उडान गर्ने घोषणा गरेको छ । पोखरा विमानस्थल सञ्चालनमा आएपछि बनारस सिधा उडान गर्ने घोषण कम्पनीले सोमबार गरेको हो । सरकारले १ जनवरी २०२३ देखि यो विमानस्थल सञ्चालनमा ल्याउने घोषणा यसअघि नै गरिसकेको छ ।



कम्पनीका अनुसार यो पोखरा-बनारसमा साताको तीन (आइतबार, मंगलबार र बिहीबार) उडान हुने छ । बुद्धले अहिले काठमाडौं-बनारस रुटमा उडान गरिरहेको छ ।

पोखराबाट थप दुई गन्तव्यमा उडानको तयारी बुद्ध एयर का अनुसार पोखरा विमानस्थलबाट भारतका थप दुई विमानस्थलमा उडान विस्तारको योजना छ ।

एयर ट्राफिक सर्भिस रुटका लागि नेपाल सरकारले भारतीय सरकारसँग पहल गरिरहेका कारण स्लट र रुट स्वीकृत हुनासाथ पोखरा-दिल्ली र पोखरा-देहरादुन रुटमा बुद्धले उडान गर्ने भएको छ । यी दुवै गन्तव्यमा सातामा क्रमश: २ र ३ दिन उडान गर्ने बुद्ध एयरले जानकारी गराएको छ । यी रुटका लागि यथाशीघ्र प्रक्रिया अगाडि बढाइने बुद्ध एयरले जनाएको छ ।

*-अनलाइनखबर*

# फूलचोकीमा हराइरहेका ४ विद्यार्थीको ११ घन्टापछि उद्धार




ललितपुरको फुल्चोकीमा हराएका ४ जना विद्यार्थीको उद्धार भएको छ । फुल्चोकीमा हराएका चार जना विद्यार्थीको ११ घण्टापछि उद्धार गरेको जिल्ला प्रहरी परिसर ललितपुरले जानकारी दिएको छ।

काठमाडौंको मुलपानीमा रहेको नेपाल राष्ट्रिय निर्माण माध्यमिक विद्यालय कक्षा ११ र १२ मा पढ्ने १२५ जना विद्यार्थी फुल्चोकीमा घुम्न गएका थिए। उनीहरूसँग ९ जना शिक्षक पनि थिए । शनिबार दिउँसो करिब २ बजे फर्किने क्रममा उनीहरूमध्ये ४ जना विद्यार्थी हराएका थिए।

छोटो बाटो हिँड्न खोजेपछि उनीहरू जंगलमा हराएको प्रहरीले जनाएको छ । शिक्षक र विद्यार्थीहरूले मिलेर खोज्दा पनि फेला नपरेपछि शनिबार साँझ करिब ७ बजेतिर उनीहरूले प्रहरी प्रभाग बाडेगाउँमा खबर गरेका थिए।

खबर पाएपछि प्रहरी निरीक्षकसहित खटिएको २० जनाको टोलीले मध्यराति १ बजे उनीहरूलाई फेला पारेको परिसर ले जनाएको छ।

उनीहरूलाई फेला पारेर शिक्षकको जिम्मा लगाएको प्रहरीले जनाएको छ।- *सेतोपाटीबाट*

# पहिलो एकदिवशीयमा नेपाल ८४ रनले पराजित, युएईलाई शृंखलामा अग्रता

काठमाडौं/युवा स्पिनर आयन अफ्जल खानले एकदिवशीय अन्तर्राष्ट्रिय (ओडीआई) डेब्यू खेलमै उत्कृष्ट बलिङसहित ४ विकेट लिएपछि पहिलो ओडीआई खेलमा नेपाल टिम युएईसँग ८४ रनले पराजित भएको छ ।




कीर्तिपुरस्थित त्रिवि मैदानमा घरेलु टोलीलाई पराजित गरेपछि युएईले तीन खेलको शृंखलामा १-० को अग्रता बनाएको छ । २६४ रनको लक्ष्य पछ्याएको नेपालले पूरै ५० ओभर खेले पनि ९ विकेट गुमाएर १७९ रन मात्र बनाउन सक्यो । मनोज प्रभाकर प्रशिक्षक बनेपछि केन्या भ्रमणमा केही आशा देखाएको नेपालको ब्याटिङ घरेलु मैदानमा धर्मरायो ।

नेपालका लागि दीपेन्द्र सिंह ऐरी र अर्जुन साउदले अर्धशतक बनाउनुबाहेक अन्य खेलाडीले सम्झनलायक प्रदर्शन गर्न सकेनन् । दीपेन्द्रले ५४ र ओडीआईमा डेब्यू गरेका अर्जुनले ५१ रन जोडे ।

नेपालको इनिङ्स धरासयी बनाउने क्रममा आयन खानले ४ विकेट लिए । यसै खेलबाट नेपालका रोहित पौडेल र युएईका सिपी रिजवानले ओडीआईमा कप्तानी डेब्यू गरे । तर, दुवैका लागि सुदख भएन । आआफ्नो इनिङमा रोहित १ र रिजवान २ रनमा आउट भए ।

**आयनको स्पनि जादू, नेपालको कमजोर ब्याटिङ**

लक्ष्य पछ्याउने क्रममा नेपालको सुरुवात राम्रो हुन सकेन । यसै खेलमार्फत ओडीआईमा डेब्युमा गरेका युएईका युवा स्पीनर आयन अफजानले उत्कृष्ट बलिङ गरेपछि नेपालले सातौं ओभरमा पहिलो विकेट गुमायो । आयन खानले आफ्नो पहिलो ओभरमा नेपालका ओपनर आसिफ शेख र ज्ञानेन्द्र मल्ललाई आउट गरेका थिए । त्यसपछि उनले नेपालका कप्तान रोहितलाई बोल्ड गरे ।

ओपनर आसिफ शेख १२ रन बनाएर आउट भए । पूर्व कप्तान ज्ञानेन्द्र मल्लले २ बल खेल्दा खाता खोल्न सकेनन् । रोहित १ रन बनाएर आउट भए ।

यसै खेलबाट ओडीआईमा डेब्यु गरेका हरिशंकर शाहले २१ बल खेल्दै ८ रन बनाए । अर्का डेब्युट्यान्ट ओपनर अर्जुन साउदले एक छेउबाट नेपालको इनिङ्स सम्हालेका थिए ।

**अर्जुन र दीपेन्द्रको अर्धशतक**

४१ रनमै ४ विकेट गुमाएको नेपालका लागि अर्जुन र दीपेन्द्रसिंह ऐरीले चौथो विकेटका लागि ६८ रनको साझेदारी गरे । यी दुईले नेपालको इनिङ्सलाई सम्हालिरहेका थिए । तर, अर्जुन अर्धशतक पूरा गरेको अर्को ओभर मै आउट भए । रोहन मुस्ताफाको बलमा बोल्ड हुनुअघि उनले ५१ रन बनाए । ७९ बल खेलेर ५ चौका प्रहार गरे ।

अर्जुन नेपालका लागि ओडीआई डेब्यूमा अर्धशतक बनाउने ज्ञानेन्द्र मल्ल र कुशल मल्लपछि तेस्रो खेलाडी हुन् । अर्जुनले गत सेप्टेम्बरमा केन्या भ्रमणमा टी-२० अन्तर्राष्ट्रियमा डेब्यू गरिसकेका छन् ।

अर्जुन आउट भएपछि दीपेन्द्र पनि अर्धशतक प्रहार गरे । तर, विकेट जर्ने क्रम रोकिएन ।

पछिल्लो पटक केन्या भ्रमणमा टिममा नपरेका कुशल भुर्तेलले यसै खेलबाट पुनरागमन गरे । सातौं नम्बरमा ब्याटिङ गरेका कुशलले १३ बल खेल्दै जम्मा ६ रन मात्र बनाउन सके । आयन अफ्जल खानको बलिङमा रिजावनले कुशललाई आउट गर्न उत्कृष्ट क्याच गरेका थिए ।

सोमपाल कामी ३ रनमा आउट भए । ३९औं ओभरमा अहमद राजालाई चौका प्रहार गर्दै अर्धशतक पूरा गरेका दीपेन्द्र अर्को ओभरमा आउट भए । दीपेन्द्रले ८४ बल खेल्दै ६ चौका मद्दतमा ८४ रन बनाए । करण केसीले ३ रन बनाएर आउट भए । गुलशन झाले ३४ बल खेल्दै १ चौका र १ छक्का सहयोगमा अविजित १९ रन बनाए । ललित राजवंशी ६ रनमा अविजित रहे ।

युएईका युवा बलर आयन खानले १० ओभरमा ४ मेडन राख्दै १४ रनमात्र खर्चेर ४ विकेट लिए । बसिल हमिदले २ तथा जहुर खान, रोहन मुस्ताफा र अहमेद राजाले समान १ विकेट लिए ।

**मुस्ताफाको अर्धशतकमा युएईको २६३ रन**

यसअघि नेपालले टस जितेर फिल्डिङ रोजेपछि ब्याटिङमा आएको युएईले ५० ओभरमा ७ विकेट गुमाएर २६३ रन बनाएको थियो । युएईका लागि रोहन मुस्ताफाले अर्धशतक प्रहार गरे । मुस्ताफाले ७३ बल खेल्दै ७ चौका प्रहार गरी सर्वाधिक ५३ रन बनाए ।

ओपनर मुहमम्द वासिमले ४४ र वृत्य अरभिन्दले ४० रन बनाए । अलिशान शारफुले २९ र बसिल हमिदले १४ रन जोडे । आयान अफजल खानले २६ रन बनाए ।

वासिम र अरभिन्दले पहिलो विकेटका लागि ७५ रनको साजेदारी गर्दै युएईलाई राम्रो सुरुवात दसलाएका थिए । तर, गुल्शन झाले १५औं ओभरमा वासिमलाई बोल्ड गर्दै उक्त साझेदारी तोडे ।

वासिमले ४१ बल खेल्दै ६ चौका १ छक्का मदतमा ४४ रन बनाए । सोही ओभरमा गुलशनले युएईका कप्तान सिपी रिजवानलाई कुशल भुर्तेलबाट गराए । रिजवानले २ रन जोडे ।

दुई विकेट एकै ओभरमा गुमेपछि अर्का ओपनर भृत्य अरविन्दले रोहन मुस्ताफा मिलेर इनिङ्स अघि बढाए । अरभिन्द र मुस्ताफाले तेस्रो विकेटका लागि ५२ रनको साझेदारी गरे ।

नेपालका दीपेन्द्र सिंह ऐरीले २६.५ ओभरमा वृत्यलाई एलबीडब्लु गर्दै साझेदारी तोडे । वृत्यले ८२ बल खेल्दै ६ चौका मद्दतमा ४० रन बनाए ।

मुस्ताफाले चौथो विकेटका लागि अलिशा शारफुसँग ५३ रनको साझेदारी गरे । शारफुले २९ रन बनाए । आयान अफजल खानले २६ रन बनाए । उनी अन्तिम ओभरमा रनआउट भए । अहमेद राजाले १६ बलमा अविजित २७ रन बनाए । उनले १ चौका र २ छक्का प्रहार गरे ।

नेपालका लागि गुलशन झाले २ विकेट लिए । उनले ६ ओभर बलिङ गर्दा २६ रन खर्चिए । सोमपाल कामी र दिपेन्द्र सिंह ऐरीले समान १ विकेट लिए । युएईका तीन खेलाडी रनआउट भए । नेपाल र युएईबीचको दोस्रो ओडीआई बुधबार हुनेछ ।

# प्रचण्ड पक्राउ गर्न माग गरिएको रिट दरपीठ गर्नुको कारण खोज्यो सर्वोच्चले




काठमाडौं/सर्वोच्च अदालतले नेकपा माओवादी केन्द्र अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डलाई पक्राउ गर्न माग गर्दै परेको रिट दरपीठ गर्नुको कारण मागेको छ । सोमबार न्यायाधीश हरिकृष्ण कार्कीको एकल इजलासले प्रचण्डलाई पक्राउ गर्न माग गर्दै परेको रिट दरपीठ गर्नुको कारण सर्वोच्च अदालत प्रशासनसँग मागेको हो ।

कल्याण बुढाथोकी, ज्ञानेन्द्रराज आरणसमेतले दिएको निवेदनमाथि सुनवाई गर्दै सर्वोच्चले उक्त रिट दरपीठ गर्नुको कारण आफ्नै प्रशासनसँग मागेको हो । १ माघ २०७६ मा काठमाडौंमा आयोजित एक कार्यक्रममा प्रचण्डले माओवादी द्वन्द्वका क्रममा मारिएका १७ हजारमध्ये पाँच हजारको जिम्मेवारी लिने अभिव्यक्ति दिएका थिए ।

सोही अभिव्यक्तिलाई आधार मानेर बुढाथोकी र आरणसहितले प्रचण्डलाई पक्राउ गर्न माग गर्दै सर्वोच्च अदालतमा रिट निवेदन दिएका थिए ।

तर, २४ कात्तिमा सर्वोच्चले उक्त निवेदन दरपीठ गरेको थियो । निवेदन नै दरपीठ भएपछि उनीहरूले पुन: दरपीठको कारण माग गर्दै अर्को निवेदन दिएका थिए । सोही निवेदनउपर सोमबार सुनुवाइ गर्दै सर्वोच्चले कारण मागेको हो ।

*-न्युज कारखाना*

# किन भयो रवि लामिछानेको गाडीमा आक्रमण ?

काठमाडौं/ आइतबार अपराह्न साढे ३ बजेतिर राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने नेतृत्वको घरदैलो टोली चितवनको इच्छाकामना गाउँपालिका-४ मा घरदैलो सकेर मुग्लिनतिर आउँदै थियो ।

सत्ता गठबन्धनको घर दैलो टोली पनि मुग्लिनको सभा सकेर त्यही बाटो हुँदै फर्किँदै थियो । लामिछाने र सत्ता गठबन्धनको घर दैलो टोलीबीच लेवाटारमा जम्काभेट भयो । लामिछानेका सहयोगी प्रकाश सिग्देलका अनुसार दुवै टोली आमनेसामने भएपछि लामिछाने दुई/तीन सय मिटर अगाडि रोकिएर घरदैलो अभियानमा सरिक भए । उनका अनुसार त्यतिञ्जेल एउटा गाडी पछाडि नै थियो । त्यही बेला सत्ता गठबन्धनको एउटा समूहले विवाद गरेको उनी बताउँछन् ।

'हामीले अगाडि गाडी रोकेपछि उहाँहरु पनि दुई/तीन सय मिटर अगाडि गएर रोक्नुभएछ, त्यसपछि केही मान्छेहरु आउनु भयो र आक्रमण गरेर भागेका हुन्, सिग्देलले भने, 'प्रहरीले पनि साथमै हुँदा सत्ता गठबन्धनका कार्यकर्ताले गाडीमा चढेर लात्ताले हानेर सिसा फुटाएका हुन् ।'

उनले राजनीतिक प्रतिष्पर्धाको विषयलाई लिएर आक्रमण गरिएको भन्दै आपत्ति जनाए । लामिछानेले पनि प्रहरी समक्ष आफू असुरक्षित भएको बताएका छन् ।

**प्रहरी के भन्छ ?**

जिल्ला प्रहरी कार्यालय, चितवनका प्रहरी नायब उपरीक्षक (डीएसपी) विजयराज पण्डित चाहिँ दुई पक्षको टोली क्रस हुने बेला विवाद भएको बताउँछन् । 'लामिछानेको घरदैलो टोलीले जिस्काएपछि विवाद हुँदा तोडफोड भएको देखिएको छ', उनले भने, 'कारण चाहिँ खुलेको छैन, राजनीतिक गतिविधि भएकाले राजनीतिक विषय नै हुनसक्छ ।'

सत्तारुढ नेपाली कांग्रेसका पूर्वजिल्ला सभापति जितनारायण श्रेष्ठ घटना बाहिर सार्वजनिक भएजस्तो नभएको दाबी गर्छन् । 'कुरिनटारमा घरदैलो सकेर आउँदै थियौं, रास्वपाका उम्मेदवारहरुसँग भेट भयो', उनले भने, 'लामिछानेजीले हात हल्लाएर हाँसेर राम्रोसँग अगाडि जानु भयो ।'तर लामिछानेले गइसकेपछि विवाद भएको श्रेष्ठले बताए । 'पछाडि गाडीहरु थिए, त्यहाँ बसेका मान्छेले मादक पदार्थ पनि सेवन गरेका थिए', उनले भने, 'उनीहरुले दुर्व्यवहार गरेपछि विवाद भएको हो ।' *अनलाइनखबर*

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

साझाकुरा
"तपाई, हामी सबैको कुरा"
कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।
हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

वेवसाइडमा: www.sajhakuranews.com
सर्च गर्न नभुल्नुहोला ।
साझाकुरा वेवसाइटमा सजिलै पढ्न सकिने छ ।



भैंसे-भीमफेदी सडक १० मिटर फराकिलो बनाउने योजनाअन्तर्गत् भीमफेदी बजार नजिक कुलेखानी जलविद्युत आयोजनाको सुरुङसँगैको रहेको मोटरेबल पुल । भैंसे-भीमफेदी सडक निर्माणको क्रममा धोगफेदी पुल निर्माणको लागि खनिएको जगको कारण कुनै पनि यातायातको साधन ओहरदोहोरो गर्न पाएका छैनन् । वैकल्पिक मार्ग धोगफेदीबाट धुन्द्रु खोला हुँदै छवेलीसम्म जीर्ण कच्ची सडकबाट सवारीसाधन ओहोरदोहोर गरिरहनु परेको छ । वैकल्पिक बाटोको स्तरिकरण नगरी खोलाको बगरबाटै अस्थायी रुपमा सवारीसाधन गुड्दा यात्रुहरुले सास्ती भोग्नु परेको छ । पुलबाट सवारीसाधन चल्न करिब ५ महिना लाग्ने हुँदा वैकल्पिक मार्गलाई स्तरीकरण गर्नुपर्ने आवाज स्थानीयहरुले उठाएका छन् ।

*तस्बिर सौजन्य: सुरेन्द्र राज थिके ।*

# मनहरीमा निकुञ्जको समस्या हटाउन पहल गर्छु : बर्तौला

साझाकुरा संवाददाता

हेटौंडा, २८ कात्तिक/ मनहरी गाउँपालिकामा पर्सा राष्ट्रिय निकुञ्जले दिएको पीडा हटाउन आफू सांसद भएपछि कानुन संशोधन गर्नका लागि पहल गर्ने महेश बर्तौलाले बताएका छन् ।

नेकपा एमालेबाट मकवानपुरको प्रतिनिधिसभा क्षेत्र नम्बर २ मा उम्मेदवार रहेका बर्तौलो मनहरी बजारमा भएको चुनावी कार्यक्रमलाई सम्बोधन गर्दै निकुञ्जको समस्या समाधान गर्न आफूले कानुन संशोधनको लागि पहल गर्ने बताएका छन् । प्रदेशसभा २ को (ख)मा एमालेका उम्मेदवार लालबहादुर थापाले पनि मनहरी गाउँपालिकाको समस्या हटाउन आफू लागिपर्ने बताए । बर्तौला र थापा सोमबार हेटौंडा र मनहरीमा भएका चुनावी कार्यक्रममा व्यस्त भएका थिए । चुनावी कार्यक्रमको दौडधुपमा उम्मेदवारलाई जनताको घरदैलो



कार्यक्रमसँगै कोणसभाहरुमा भ्याइ नभ्याइ भएको हो ।

बर्तौला र थापाले सोमबार हेटौंडा-३ बसामाडी, हेटौंडा-१९ वस्तिपुरमा कोणसभा गरेर स्थानीयलाई वर्षौ अघिदेखि पर्दै आएका समस्या समाधान गर्ने प्रतिवद्धता व्यक्त गरेका हुन् । मनहरी गाउँपालिका वडा नम्बर-१ चकरीमा अनेरास्ववियुले गरेको चुनावी सभा र मनहरी बजारमा आयोजित एमालेको सभामा दुइ उम्मेदवारले सम्बोधन गरेका थिए । मनहरी गाउँपालिकाबासीहरुलाई वर्षौ अघिदेखि निकुञ्जको समस्या भएकाले यस समस्या संधैका लागि अन्त्य गर्नका लागि आफु संसदमा गएर कानूनको संशोधन गर्न पहल गर्ने बर्तौलाले बताएका हुन् । राप्ती खोला र मनहरी खोलाका कारण स्थानीय बासिन्दाहरुको वर्षौंदेखिको समस्या संधैका लागि समाधान गर्ने उनले बताए ।

मनहरीमा अयोजित चुनावी सभामा नेपाली कांग्रेस लगायतका पार्टी परित्याग गरेर विरेन्द्र डिसीको नेतृत्वमा ५० जना अगुवा कार्यकर्ता एमाले प्रवेश गरेका थिए । नेकपा एमाले मनहरी गाउँ कमिटीले आयोजनामा भएको आमसभामा डिसीसहित ५० जना कार्यकर्ता एमाले प्रवेश गरेका हुन् । प्रवेश गर्नेहरुमा मनहरी-३ हाँडिखोला नेपाली कांग्रेस वडा उपसभापति मनोज अधिकारी लगायतलाई नेकपा एमाले केन्द्रीय सदस्य रामेश्वर राना र सल्लाहकार तथा बागमती प्रदेश प्रथम मुख्यमन्त्री डोरमणी पौडेल, निर्वाचन परिचालन कमिटी संयोजक अनन्त पौडेलले स्वागत गरेका थिए ।

## चितवनमा ओली :

# रवि लामिछानेप्रति नरम, प्रचण्डप्रति गरम

चितवन, २८ कात्तिक/ सत्ता गठबन्धनले २६ कात्तिकमा सभा गरेको गेस्ट हाउस चौरमा सोमबार नेकपा एमालेले चितवनले सोमबार सभा गर्‍यो । सभामा एमाले अध्यक्ष केपी शर्मा ओलीले राष्ट्रिय स्वतन्त्र पार्टीप्रति सहानुभूति देखाए भने माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड प्रति भने आक्रोश पोखे ।

उनले सत्ता गठबन्धनको भविष्य, गोरखामा एमाले समर्थक माथि भएको आक्रमण, मुलकको आर्थिक क्षेत्रमा देखिएको समस्या, एमाले उम्मेदवारलाई किन जिताउने जस्ता विषयमा धारणा राखे । दिउँसो २ बजे सभास्थल पुगेका ओलीले ४० मिनेट सम्वोधन गरे ।

आफ्नो पालामा भएको विकास आयोजनाका बारेमा व्याख्या गर्दै ओलीले २७ बर्षदेखि सारङ्गीको ऱ्याई ऱ्याई गरेर बजाउने गीत जस्तै बनेको मेलम्चीको पानी कडा मेहनतपछि काठमाडौंमा ल्याइछाडेको बताए । हरेक चुनावमा चुनावी नारा बन्ने हुलाकी सडकको काम एमालेले प्राथमकितामा राखेर काम गरेको पनि उनले बताए ।

सत्तारुढ गठबन्धनलाई फुटेका हाँडीका टुक्राहरुको संज्ञा दिएका ओलीले गठबन्धनका नेताहरू म्याद गुज्रेका औषधिजस्तो भएको टिप्पणी गरे ।

अरु दलले घोषणा पत्रका नाममा किताबको खोलमात्रै देखाएको भन्दै ओलीले आफूहरुले हिजो गरेका काम र भोलि सरकार बन्दा गर्ने कामका बारेमा जनतालाई स्पष्ट जानकारी गराएको पनि दावी गरे ।

पाँच बर्ष आफूलाई सरकारको नेतृत्व गर्ने अवसर आए पनि प्रचण्ड, माधव नेपाल, झलनाथ खनाल र घनश्याम भूसालहरुकै कारणले काम गर्न नपाएको ओलीको दावी छ । उनले आफ्नो घरमा आगो लगाएर खुसियाली मनाउँदै कांग्रेसका पालीमा बास बस्न पुगेको टिप्पणी गरे ।

आफू प्रधानमन्त्री हुँदा स्रोत सुनिश्चितता गरेका आयोजनाको रकम काटिएको प्रति आक्रोश ब्यक्त गरेका ओलीले भने, 'एमालेको सरकार हुँदा वृद्धभत्ता बढाउनेदेखि सडक पूर्वाधारमा रकम पुग्ने तर अहिले किन पुगेन, देशमा पैसा कहाँ गयो, डलरको सञ्चिती किन घट्यो ? यो सरकार अलच्छिना छ ।'

**चितवनमा घर बनायो दाइसाइला, गोरखामा बास**

ओलीले प्रचण्डले चितवनमा घर बनाएर गोरखामा बास बस्न पुगेको टिप्पणी गरे । ओलीले भने, 'स्याङ्जामा बिजुली दाइसाइला नाउडाँडामा बास भने जस्तै, चितवनमा घर बनाइयो दाइसाइला गोरखामा बास ।'

सम्बोधनको सुरुमा नै ओलीले प्रचण्ड गोरखा गएको प्रति ब्यंग्य गरे । 'चितवनले केही नगरीकन कसरी भगाइयो, भाग्नेहरु भागिसके जित्नेहरु यहीँ छन्' उनले भने । प्रचण्ड एक पटकका लागि चुनाव लड्न मात्रै गोरखा पुगेको ओलीले बताए ।

'भागेको ठाउँ पनि एकपल्ट काम लाग्छ, गोरखामा पनि भोट हालेर जित्ने अवस्था रहेनछ मान्छे कुटेर घाइते बनाउन थाले', ओलीले भने, 'यिनीहरुको लोकतन्त्र के रहेछ थाहा भयो, अरु दलका कार्यकर्ताको टाउकोमा बोतल हान्ने यिनीहरुको लोकतन्त्र हो ।'

प्रचण्ड परिवारको घेरा भन्दा बाहिर जान नसकेको बताउँदै ओलीले भने, 'शहीदका परिवारलाई थाहा छ प्रचण्ड को हुन् । वैशाखी टेकेर हिँडेकाहरुलाई थाहा छ । विस्तारामा छटपटाइरहेकाहरुलाई थाहा छ । गौर हत्याकाण्डका घाइतेहरुलाई सोध्नोस् प्रचण्ड को हुन् ?'

**रविप्रति सहानुभूति**

चितवनको लेवाटारमा आइतबार राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवि लामिछाने सवार गाडीमा आक्रमण भएको थियो । उक्त आक्रमणको दोष सत्तारुढ गठबन्धनमा रहेका दलका कार्यकर्ताप्रति लगाउँदै ओलीले रविप्रति सहानुभूति राखे । चुनाव लड्छु भनेर आएको एउटा युवाको गाडी फुटाउनु अलोकतान्त्रिक चरित्र भएको भन्दै ओलीले कोही उत्साही युवाहरु राजनीतिमा आउँछु भने राम्रो भएको बताए ।

ओलीले सभास्थलको मञ्चातिर संकेत गर्दै भने 'यहाँ राम्रो डान्सर नचाउनुभयो राम्रो गीतमा भने त्यहाँ (मञ्चको तलतिर) केटाकेटी नाच्न थाल्छन्, डान्सरहरुले आत्तिनुपर्छ, त्यहाँ केटाकेटी नाचे भन्दैमा' ओलीले प्रश्न गरे, 'यहाँ (मञ्चमा) कलाकार नाच्ने हो, डान्सर नाच्ने हो, केटाकेटी त्यहाँ (मञ्चको तलतिर) नाचिरहेका हुन्छन् ।

उनले अगाडि भने, 'कोही कोही उत्साहित भएर छेउतिर नाचिरहेका हुन्छन् । युवाहरु आए राजनीतिमा रुची राखे राम्रो कुरा हो, ४ गतेसम्म कुद्छन् ठीक छ नि ।' सत्तारुढ गठबन्धनका कार्यकर्ता भने आत्तिएर ढुंगा हानेको ओलीले टिप्पणी गरे ।

राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवि लामिछाने चितवन-२ बाट प्रतिनिधिसभामा उम्मेदवार छन् । ओलीले उनको चुनाव चिह्न घन्टीतिर संकेत गर्दै भने, 'ढ्यांग्रो बजाएको छैन, घन्टी पनि बजाउन नदिने रु अनि ढुंगा हान्न जाने ?' उनले सत्तारुढ गठबन्धन तर्फ व्यंग्यको शैलीमा भने, 'दमाहा बजाएको होइन, नरसिंह बजाएको पनि होइन, एउटा घण्टी' । कति आत्तिएको ?'

*(स्रोत: अनलाइनखबर)*

# जिल्ला प्रशासनको पाँच दिन सेवा बन्द




साझाकुरा संवाददाता

हेटौंडा, २८ कात्तिक/४ मंसिरमा हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि जिल्ला प्रशासन कार्यालय मकवानपुरले पाँच दिनसम्म सेवा बन्द गर्ने भएको छ ।

जिल्ला प्रशासन कार्यालय मकवानपुरले पाँच दिनसमम्म अत्यावश्यक बाहेकका सेवा बन्द गर्ने जनाएको हो । सहायक प्रमुख जिल्ला अधिकारी हरिदत्त कँडेलका अनुसार १ मंसिरदेखि ५ मंसिरसम्म सेवा बन्द हुनेछ । ४ मंसिरमा हुने प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनमा जिल्ला प्रशासन कार्यालय मकवानपुरमा कार्यरत कर्मचारीहरु मतदान केन्द्रमा खटिने भएको पाँच दिन अत्यावश्यक बाहेकका सेवा बन्द गरिएको कँडेलले बताए ।

कार्यालयको शान्ति सुरक्षा, विपद् व्यवस्थापनलगायत अत्यावश्यक सेवा बाहेकका अन्य सेवाहरु प्रवाह नहुने उनले बताए ।

# बस्तीपुरमा म्यादी प्रहरीलाई एम्बुलेन्सको ठक्कर

साझाकुरा संवाददाता

हेटौंडा, २८ कात्तिक/४ मंसिमा हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि अस्थायी रुपमा भर्ना भएका म्यादी प्रहरीलाई हेटौंडाको बस्तीपुरमा एम्बुलेन्सले ठक्कर दिएको छ ।

हेटौंडा उपमहानगर-१९ बस्तिपुरमा म्यादी प्रहरी ४२ वर्षीय रामबहादुर घलानलाई एम्बुलेन्सले ठक्कर दिँदा उनी घाइते भएका थिए । घलान इलाका प्रहरी कार्यालय नेवारपानीमा म्यादी प्रहरीको रुपमा कार्यरत थिए । ड्युटीमा रहेका उनलाई आइतबार साँझ पूर्व-पश्चिम राजमार्गअन्तर्गत चितवनबाट हेटौंडातर्फ आउँदै गरेको ना४च १४० नम्बरको एम्बुलेन्सले ठक्कर दिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । दुर्घटनमा परी घलानको दाहिने खुट्टामा र बाँया आँखामा चोट लागेको प्रहरीले जनाएको छ ।

घाइते भएका घलानलाई उपचारको लागि सोही एम्बुलेन्समा राखेर हेटौंडा अस्पताल ल्याइएको थियो । ठक्कर दिने एम्बुलेन्स चालक प्रहरी नियन्त्रणमा छन् । मकवानपुरका १० वटै स्थानीय तहमा १ हजार ६ सय ९९ जना म्यादी प्रहरी निर्वाचनका लागि खटिएका छन् ।

# भारतका रेडियोबाट चुनाव प्रचार गर्न नदिन निर्वाचन आयोगको पत्र

काठमाडौं, २८ कात्तिक/ निर्वाचनका क्रममा उम्मेदवारहरुले भारतीय सीमावर्ती क्षेत्रबाट गर्ने प्रचारप्रसार रोक्न निर्वाचन आयोगले भारतमा पत्राचार गरेको छ ।

आयोगले परराष्ट्र मन्त्रालय मार्फत भारत सरकारलाई पत्र पठाएर स्थानीय एफएमहरुबाट उम्मेद्वार र दलहरुको प्रचारप्रसार गर्ने सामग्री प्रसारण नहुने व्यवस्था गर्न चिठ्ठी लेखेको हो ।

निर्वाचनका बेलामा भारतीय सीमावर्ती जिल्ला र निर्वाचन क्षेत्रका उम्मेद्वारहरुले त्यहाँका सञ्चार माध्यमहरुमा प्रचारप्रसार गर्ने चलन थियो । त्यसैलाई दृष्टिगत गरी विदेशी सञ्चारमाध्यममा निर्वाचन प्रचारप्रसारमा रोक लगाउने आचार संहिता बनेको र त्यसै अनुसार पत्राचारसमेत भएको निर्वाचन आयोगका उपसचिव कमल भट्टराईले बताए ।

'निर्वाचनका दौरान नेपालका कुनै पनि दल र उम्मेद्वारहरुको प्रचार-प्रसारसम्बन्धी सामग्री प्रशारण नहुने व्यवस्था गरिदिन आयोगले परराष्ट्र मन्त्रालयमार्फत भारत सरकारलाई अनुरोध गरेको हो' उनले भने, 'पत्राचार अनुसार भारतलेसमेत स्थानीय एफ.एम. स्टेशनहरुलाई पत्राचार गरेर निर्वाचन प्रचारप्रसारका सामग्री नबजाउन अनुरोध गरेको हो ।

निर्वाचन खर्च विवरण जानकारी नहुने, नेपालबाट निगमन र अनुगमन हुन नसक्ने भन्दै निर्वाचन आयोगले नेपालसँग सीमा जोडिएका भारतीय शहर र बजारमा स्थापित एफ.एम स्टेशनहरुबाट प्रसारण हुने प्रचार-प्रसारका सामग्रीलाई चुनौतीका रुपमा लिने गरेको थियो । त्यसैका लागि पत्राचार भएको उपसचिव भट्टराईले बताए ।

निर्वाचनको मिति नजिकिदै गर्दा प्रचार-प्रसार तीव्र हुने अनि शून्य समयमासमेत हुने प्रचारप्रसारलाई नेपालबाट नियमन गर्न नसकिने भन्दै आयोगले भारतमा पत्र पठाएको हो ।

भारत सरकारले पनि त्यहाँको निर्वाचनका बेलामा हुने प्रचारप्रसारजन्य सामग्री रोकिदिन अनुरोध गर्दै नेपालमा पत्र पठाउने गर्छ । र, सरकारले सञ्चार मन्त्रालयमार्फत त्यसको कार्यान्वयन गर्छ ।


## थप सुविधाका साथ हाम्रा सेवाहरु

विगत एक दशकभन्दा लामो समयदेखि निरन्तर बिरामीहरुको सेवामा समर्पित यस **अस्पताल**मा बिशिष्ट विशेषज्ञ डाक्टरहरुको समूहद्वारा सबै किसिमको रोगहरुको उपचार गर्ने उद्देश्यका साथ दैनिक उपचार जांच भइरहेको जानकारी गराउंदछौं ।

**कार्यरत विशेषज्ञ डाक्टरहरु :**

- हाडजोर्नि तथा नशा रोग विशेषज्ञ डा.बसन्तमान श्रेष्ठ तथा डा.आभाष तिवारी
- जनरल फिजिसियन तथा मृगौला रोग विशेषज्ञ डा. दिनेश्वरी श्रेष्ठ
- नाक, कान, घांटी रोग विशेषज्ञ डा.अनुप सञ्जेल र डा.इन्क्लाम ढुंगाना
- जनरल सर्जन डा.साजिद अन्सारी तथा डा.सरोज प्रधान
- छाला रोग विशेषज्ञ तथा यौनरोग डा.प्रमोद चौरसीया
- रेडियोलोजिष्ट डा.गेहेन्द्र भुसाल
- एनेस्थेसिया डा.सुवास लामिछाने
- दन्तरोग विशेषज्ञ डा.रञ्जना शाह
- फिजियोथेरापिस्ट डा.रवि गुरुङद्वारा दैनिक उपचार तथा जांच हुनेछ ।

साथै हामी कहा OPD सेवा, बिरामी भर्ना सेवा अत्याधुनिक मेशिनद्वारा अपरेशन, प्लाष्टर सेवा २४ सै घण्टा अत्याधुनिक मेशिनद्वारा रगत, दिसा, पिसाबको जांच सेवा एक्स-रे सेवा, भिडियो एक्सरे सि.टि.स्क्यान सेवा फार्मेसी सेवाहरु उपलब्ध छ ।

**हेटौंडा मोडेल अस्पताल**

हेटौंडा-१ स्वर्गद्वारी मन्दिरचोक, जरुवा टोल, हेटौंडा ।

मो.नं. ९७४५३२१६४८ फोन नं.: ०५७-५२२७५६



## उत्पादन बढाऔं र मितव्ययी बनौं

- स्थानीय स्रोत र साधन परिचालन गरी उत्पादन बढाऔं।
- आर्थिक रुपमा सक्षम बनौं, राष्ट्रिय पूँजी निर्माणमा योगदान पुऱ्याऔं।
- देखासिकी नगरौं, आफ्नो आर्थिक क्षमताको पहिचान गरौं।
- आर्थिक मितव्ययी बनौं, फजुल खर्च नगरौं।
- विलासिताका वस्तु तथा सेवाको अनावश्यक उपयोगलाई निरूत्साहित गरौं।
- अनावश्यक खर्च घटाएर बचत गर्ने बानीको विकास गरी विश्वसनीय बैंक तथा वित्तीय संस्थामा जम्मा गरौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**








**HETAUDA CITY HOSPITAL PVT.LTD.**

*Hetauda-1, Sub-metropolitan*

***Phone: 057-520315***

## VACANCY ANNOUNCEMENT

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | Negotiable | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.







साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना